नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# नापी विभाग
*योजना तथा अनुगमन*
( शाखा )

फोन नं. ४६२१७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल नं.: survey@dept.wlink.com.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः- ३१९ /०७४/०७५
प्राप्त पत्र संख्याः.......... मितिः ........................
च.नं.: २२६

मिति : २०७४।११।०६

विषय : **निजी कित्ता जग्गा रेखांकन तथा रूखको जात र संख्या यकिन सम्बन्धमा** ।

श्री नापी कार्यालय,
.....सबै

सर्कुलर नं.२.

उल्लेखित सम्बन्धमा नापी कार्यालय सक्रान्तिवजार तेह्रथुमले जिल्ला वन कार्यालय तेह्रथुमबाट प्राप्त पत्रबाट नापी कार्यालयलाई के कुन कित्ता जग्गा भित्र कुन कुन जातका कती गोटा रूख पर्दछन खुलाई दिने तथा नाप जाँच गरिएका कित्ताअनुसारका जग्गा भित्र ठहर भएका रूखको जात र संख्या खुलेको स्थलगत रूपमा खटिजाने प्राविधिक अमिनको प्रतिवेदन नापी कार्यालयबाट प्रमाणीत गरी पठाउने व्यवस्थाको लागि लेखी पठाइएकोमा सो सम्बन्धमा नापी कार्यालयहरूलाई एक रूपताको लागि स्पष्ट निर्देशन माग गरी पठाईएको व्यहोराको पत्र प्राप्त भएको छ ।

नापी कार्यालयबाट खटिजाने प्राविधिकहरूले कित्तानापी नक्सा वमोजिम कित्ताको रेखांकन गर्ने मात्र प्राविधिक दक्षता हासिल गरेको तथा निजलाई कुन कुन जातका रूख हुन भन्ने विषयमा प्राविधिक ज्ञान नहुने कुरा सबैलाई विदितनै छ । श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशन वमोजिम निजी नम्बरीका रूख कटान गर्नु पूव नापी कार्यालयका प्राविधिकको उपस्थितिमा नाप जाँच गरी चार कित्ला छुट्याई रूखको संख्या र जात एकिन गरी सार्वजनिक सुनुवाई गर्नुपर्ने भन्ने भएकोमा नापी कार्यालयका, प्राविधिक कर्मचारीले रूखको जात र संख्या एकिन गर्नुपर्ने भन्ने व्यहोरा जिल्ला वन कार्यालय तेह्रथुमको पत्रलाई प्राविधिक रूपमा उचित भन्न सकिने अवस्था देखिदैन ।

तसर्थ श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशन तथा वन कार्यालयलाई निजी नम्बरीका रूख कटान गर्नुपूर्व नापी कार्यालयका प्राविधिक कर्मचारीले नापी कार्यालयमा जग्गाको फिल्ड रेखांकन वापत लाग्ने राजश्व प्राप्त भएपछि नाप जाँच गरी चार कित्ला छुट्ट्याई प्राविधिक सहयोग गर्नुपर्ने दायित्व निर्वाह गर्नुपर्ने देखिएकाले अव उप्रान्त सबै नापी कार्यालयबाट नियमानुसार निजी नक्बरीका रूख काटान गर्नु पूर्व स्थानीय जग्गाधनी, संधियार, सरोकारवाला र वन कार्यालयको प्राविधिकको रोहवरमा जग्गा नाप जाँच गरी जग्गाको चार किल्ला छुट्याउने र सो को प्रतिवेदन मुचुल्का तयार गरी वन कार्यालयका प्राविधिकलाई हस्तान्तरण गर्ने र सो पश्चात वनका प्राविधिकले नापी कार्यालयका कर्मचारीको उपस्थितिमा रूखको जात र संख्याको वारेमा एकिन गरी प्रतिवेदन तयार गरी प्राविधिक रूपमा वन कार्यालयलाई सहयोग गर्ने व्यवस्था मिलाउन निर्देशन दिने भन्ने नापी विभागको मिति २०७४।११।०६ को निर्णयानुसार अनुरोध छ ।

२०७४/११/६

(शैलेन्द्र प्रसाद सिंह)
नापी अधिकृत